नेपाल फिर्ती भएका प्रवासी कामदारलाई रु. १,००,००० सम्मको Youth Action Fund

पृष्ठभूमि

'युवा' २००९ मा स्थापित एक गैर नाफामुलक गैरसरकारी संस्था हो जसको नेतृत्व १६ देखि २९ वर्षका युवाहरूद्वारा हुन्छ। युवा संस्थाले युवाहरूको सशक्तिकरण र क्षमता विकाशद्वारा युवाको अर्थपूर्ण सहभागितालाई बढुवा दिँदै आएको छ । यस संस्था युवाहरूलाई सामाजिक रूपमा जिम्मेवार, आर्थिक रूपमा दक्ष, राजनैतिक रुपले जानकार र प्राविधिक रुपले सक्षम बनाउन प्रयत्नरत छ।

हाल युवाले Youth with Migrant Workers for Advocacy and Accountability नामक परियोजना अन्तर्गत सुदुरपश्चिम प्रदेशका चार जिल्ला (कैलाली, अछाम, डडेलधुरा र कञ्चनपुर) मा काम गर्दै आएको छ। यस परियोजना अन्तर्गत कोभिड-१९ का कारण प्रभावित नेपाली प्रवासी (हाल नेपाल फर्किएर सुदुरपश्चिम प्रदेशमा अवस्थित, साथै नेपाल नफर्किएका भारत, मलेशिया र खाडी मुलुकमा रहेका) कामदारहरुको आवश्यकता र स्थितिबारे अनुसन्धान गरि उनीहरूको सहयोगका लागि विभिन्न निकायद्वारा गरिएका पहलहरूको पहिचान गर्ने उदेश्य राखेको छ।

Youth Action Fund वारे जानकारी

कोभिड-१९ को दोस्रो लहरको जोखिमका साथै वैदेशिक रोजगारबाट युवाहरु नेपाल फर्किने क्रम बढेसँगै युवा संस्थाले नेपाल फर्किएर सुदुरपश्चिम प्रदेशमा अवस्थित युवाहरुलाई लक्षित गरि Youth Action Fund सुरु गरेको छ। यस Youth Action Fund ले सामाजिक एकीकरण, सूचना प्रवाह, गन्तव्य मुलुकहरूमा कामदारहरूको नेटवर्क निर्माण, स्वदेशी आप्रवासी कामदारहरूलाई राहत वितरण वा पुनरस्थापना जस्ता गतिविधिहरूमा केन्द्रित पहलहरुलाई मद्दत पुर्याउने छ। Youth Action Fund अन्तर्गत काम गर्न इच्छुक युवाहरुले निम्नलिखित विवरण र योग्यताका आधारमा आवेदन पेश गर्न सक्नुहुनेछ।

अनुदान आवेदकको परियोजना कार्यसँग सम्बन्धित तत्काल लागतहरूका लागि रु. ३०,००० सम्मको रकम पूर्व-स्वीकृत हुनेछ।

योग्यता

- आवेदक १८- २९ वर्ष उमेर बीचको नेपाली प्रवासी (हाल नेपाल फर्किएर सुदुरपश्चिम प्रदेशमा अवस्थित) हुनु पर्छ।
- एक्लै वा एकभन्दा बढी सदस्यको टिमको रूपमा आवेदन दिन सकिनेछ।
- प्रोजेक्टले प्रवासी कामदारहरूको समस्याहरू सम्बोधन गर्नुपर्दछ।
- सुदुरपश्चिम प्रदेशका सबै जिल्लाका युवाहरुलाई आवेदन पेश गर्न प्रोत्साहित गरिन्छ।

समयावधि

यस कार्यका लागि ६ महिना (१७ मे, २०२१ देखि १५, २०२१) सम्मको समयावधि रहेको छ।

आवेदकले परियोजनाको अवधिको अन्तिममा परियोजना गतिविधिहरूको समग्र प्रभावमा प्रकाश पार्दै case stories सहित अन्तिम प्रतिवेदन बुझाउनु पर्नेछ। प्रतिवेदनमा आफ्नो बारेमा संक्षिप्त जानकारी, परियोजना गतिविधिका विवरण, case stories, कार्यक्रमका प्रमुख नतिजाहरू उल्लेख हुनुपर्दछ। उक्त प्रतिवेदन अंग्रेजी र नेपाली भाषामा हुनुपर्दछ।

आवेदन पेश गर्ने प्रकृया

इच्छुक आवेदकहरू (व्यक्तिगत / टोली) ले आफ्नो CV सहित Project Proposal Template भरेर application@yuwanepal.org मा १५ मे, २०२१ १७:०० भित्र पठाउनुपर्नेछ।

Project Proposal Template डाउनलोड गर्न यहाँ थिच्नुहोस्।

इमेल पठाउँदा विषय **An application for Youth Action Fund** राख्नुहोला।

योग्य महिला, अपाङ्गता भएका युवा तथा जातीय तथा लैङ्गिक अल्पसङ्ख्यकहरूलाई विशेष प्राथमिकता दिइनेछ।